# दुग्ध विकास संस्थान

( नेपाल सरकारको पूर्ण स्वामित्व भएको )

केन्द्रीय कार्यालय,लैनचौर

# बिज्ञापन एजेन्सी सेवा खरीद सम्बन्धी
# बोलपत्र फाराम

बोलपत्र सूचना नः डिडिसि/बिज्ञापन एजेन्सी/०७८/०७९ – ०1

## सूचना जारी गरेको मितिः २०७८/०५/१३

बोलपत्र पेश गर्ने फर्म/संस्था/कम्पनी :

बोलपत्रदाताको आधिकारिक सही :

छाप :

मिति :

खण्ड-१

# दुग्ध विकास संस्थान

( नेपाल सरकारको पूर्ण स्वामित्व भएको )

## केन्द्रीय कार्यालय, लैनचौर

## बिज्ञापन एजेन्सी सेवा खरीदको बोलपत्र आह्वानको सूचना

बोलपत्र सूचना नं. डिडिसि/बिज्ञापन एजेन्सी/०७८/०७९ - ०१

( प्रथम पटक प्रकाशित मिति :२०७८/०५/१३ गते )

यस संस्थानको केन्द्रीय कार्यालय र मातहतका आयोजनाहरुका सूचनाहरु (व्यवसाय प्रवर्धन सम्बन्धी बिज्ञापन बाहेक ) तोकिएको पत्रपत्रिका तथा बिद्युतीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने कार्यका लागि एक बर्ष अवधिको लागि बिज्ञापन एजेन्सी सेवा खरीद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त बिज्ञापन एजेन्सीहरुबाट निम्नानुसार सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| १. | बोलपत्र फाराम दस्तूर | रु.३,०००।- (पछि फिर्ता नहुने गरि) |
| २. | बोलपत्र फाराम पाईने स्थान | दुग्ध विकास संस्थानको केन्द्रिय कार्यालय, लैनचौर तथा काठमाडौं दुग्ध वितरण आयोजना, बालाजु । |
| ३. | बोलपत्र फाराम खरीद गर्न सकिने अन्तिम मिति र समय | बोलपत्र सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन अर्थात् मिति २०७८।०६।११ गते कार्यालय समयभित्र । |
| ४. | सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति,समय र स्थान | मिति :२०७८।०६।१२ गते दिनको १२.०० बजेसम्ममा ।<br>स्थान : दुग्ध विकास संस्थानको केन्द्रिय कार्यालय, लैनचौर ।<br>तोकिएको उक्त समयपछि प्राप्त बोलपत्र स्विकार गरिने छैन । |
| ५. | सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान | मिति : २०७८।०६।१२ गते दिनको १.०० बजे<br>स्थान : दुग्ध विकास संस्थानको केन्द्रीय कार्यालय, लैनचौर । |
| ६. | प्राप्त हुन आएका सिलबन्दी बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा तोकिएको मिति, स्थान र समयमा खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनु पर्नेछ । | |
| ७. | सिलबन्दी बोलपत्रसाथ बोलपत्र जमानत वापतको रकम रु.७४,२००।- (चौहत्तर हजार दुई सय) हिमालयन बैंक लि., ठमेल, काठमाडौंस्थित संस्थानको खाता च.हि.नं.०१९०००४०९२००२६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको इजाजत प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी भएको बैंक ग्यारेण्टी सिलबन्दी बोलपत्रसाथ संलग्न भै आउनुपर्नेछ । | |
| ८. | बोलपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ । | |
| ९. | बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा निहित रहनेछ । | |
| १०. | विस्तृत जानकारीको लागि संस्थानको Website: www.ddc.gov.np मा हेर्न सकिनेछ । | |

## बोलपत्र सम्बन्धी निर्देशन शर्तहरु तथा मूल्यांकन आधार

बोलपत्र सूचना नं. डिडिसि/बिज्ञापन एजेन्सी/०७८/०७९ – ०१

### बोलपत्र सम्बन्धी निर्देशन :

१. **बोलपत्र कागजात खरीद :**

बोलपत्र सम्बन्धी कागजात बोलपत्र आह्वानको सूचना प्रथमपटक प्रकाशित मितिले ३० औं दिनको कार्यालय समय भित्रमा संस्थानको निम्न ठेगानामा बोलपत्रदाताले लिखित निवेदन दिई रु.३०००।- (तीनहजार) (पछि फिर्ता नहुने) तिरी बोलपत्र फाराम खरीद गर्न सकिनेछ ।

**दुग्ध विकास संस्थान केन्द्रीय कार्यालय,लैनचौर**
**वा**
**काठमाडौं दुग्ध वितरण आयोजना, बालाजु**

२. **बोलपत्रको ढाँचा, छाप र हस्ताक्षर :**

(क) बोलपत्रदाताले सिलबन्दीको बोलपत्र खामको बाहिर पट्टि **"सिलबन्दी बोलपत्र नं. डिडिसि/बिज्ञापन एजेन्सी/०७८/०७९ – ०१ अन्तर्गत बिज्ञापन एजेन्सी सेवा खरीद सम्बन्धी"** बोलपत्र भनी प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

(ख) बोलपत्रदाताले खामको बाहिरपट्टि निम्न ठेगानालाई सम्बोधन गरेको हुनुपर्नेछ।

**दुग्ध विकास संस्थान**
**केन्द्रीय कार्यालय,लैनचौर**
**फोन नं.४४११७१०, ४४१०४८९**

३. एउटा फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

४ **बोलपत्र बूझाउने अन्तिम म्याद र खोल्ने समय :**

(क) बोलपत्रहरु माथि दफा २ मा उल्लेखित ठेगानामा मिति २०७८।०६।१२ गते दिनको १२.०० बजे सम्ममा दर्ता गराई सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खोलेको दिन तोकिएको समयभित्र दर्ता गराउनुपर्नेछ ।

(ख) निर्धारित अवधिभित्रमा प्राप्त हून आएका सिलबन्दी बोलपत्रहरु बोलपत्र बुझाउने अन्तिम मिति २०७८।०६।१२ गते दिउंसो १.०० बजे संस्थानको प्रतिनिधि र उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

(ग) उक्त दफा ४(क)मा उल्लेखित मिति र समयभन्दा पछि प्राप्त हून आएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**बोलपत्रका शर्त तथा मूल्यांकनका आधार :**

१. **बोलपत्रमा उल्लेखित सेवाको मूल्य :**

संस्थानको केन्द्रीय कार्यालय तथा मातहतका आयोजनाहरुको सूचना प्रकाशन तथा प्रसारण गर्ने संस्थाबाट बोलपत्रदातालाई उपलव्ध गराउने छुटमध्ये के कति छुट संस्थानलाई उपलव्ध गराउने हो सो र आफुले संस्थानलाई उपलव्ध गराउने छुट र एकमुष्ट रुपमा उपलव्ध गराउने छुट दर रेट फाराममा यस बोलपत्रसाथ संलग्न फाराममा प्रष्ट रुपमा उल्लेख भै आउनुपर्नेछ। उल्लेखित दररेट तथा छुट विवरणमा केरमेट भएमा बोलपत्रदाताको सही र छाप लगाएको हुनुपर्नेछ।

२. संस्थानले प्रकाशन तथा प्रसारणका लागि उपलब्ध गराएको सूचनाहरु तोकिएको समयमा तोकिएको बिद्युतीय सञ्चार माध्यम तथा पत्रपत्रिकामा प्रसारण तथा प्रकाशन गराउनु पर्नेछ।

३. **बोलपत्र कागजातहरुको स्पष्टीकरण** :
बोलपत्र सम्बन्धी कागजातमा रहेका कुनै कुरा माथि स्पष्ट हुन चाहने, बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताले खरिदकर्तासंग लिखित रूपमा खरिदकर्ताको निम्न ठेगानामा सम्पर्क गर्नुपर्नेछ।

**दूग्ध विकास संस्थान**
**केन्द्रीय कार्यालय,लैनचौर**
**फोन नं.४४११७१०,४४१०४८९**

संस्थानले बोलपत्र बूझाउने मितिभन्दा १० दिन अगावै अनूरोध भै आएका बोलपत्र कागजातहरु सम्बन्धी कूनैपनि स्पष्टीकरणको आवश्यकता अनूसार लिखित जवाफ दिन सक्नेछ।

४. **बोलपत्रको मान्य अवधि :**
बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मितिबाट कम्तीमा ९० दिन अर्थात् मिति २०७८।०६।१२ देखि २०७८।०९।११ सम्मको हुनुपर्नेछ। सो बमोजिम नभएमा त्यस्ता बोलपत्रहरु रद्द गरिने छन्।

५. **बोलपत्रदाताको ग्राह्यताको आधार** :

बोलपत्रदाताको ग्राह्यता (Eligibility) को आधार तथा सो आधार प्रमाणित गर्न बोलपत्रदाताले बोलपत्रसाथ देहायका कागजातहरुको प्रतिलिपी पेश गनुपर्नेछ :

(क) फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र,

(ख) स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र वा मुल्य अभिबृद्धि कर दर्ता (VAT) प्रमाणपत्र,

(ग) आ.ब.२०७६/०७७ को करचुक्ता प्रमाणपत्र,

(घ) चालु आ.ब.२०७८/०७९ को लागि राष्ट्रिय दैनिक पत्रिका र टेलिभिजन मिडियाहरुमा एजेन्सी नविकरण गरेको पत्र, र

(ङ) बोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको लिखित घोषणा पत्र।

६. **<u>बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु :</u>**

बोलपत्रदाताले बोलपत्रसाथ देहाय बमोजिमको विवरण तथा कागजातहरु पेश गर्नुपर्नेछ र सोही अनुसार बोलपत्रको मूल्यांकन गरिनेछ :

(क) बोलपत्र जमानत वापतको रकम रु.७४,२००।- हिमालयन बैंक लि., ठमेल, काठमाडौंस्थित संस्थानको खाता च.हि.नं.०१९०००४०९२००२६ जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक ड्राफ्ट वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन मान्य अवधि भएको इजाजत प्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी भएको बैंक जमानी पत्र,

(ख) बोलपत्रमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको अख्तियारीनामा,

(ग) बार्षिक कारोबार (Annual Turnover) कम्तीमा रु. २१,२०,०००।- हुनुपर्नेछ र सो प्रमाणित गर्ने कागजातहरु (आ.ब.२०७६/०७७ को वासलात सहित लेखापरिक्षण प्रतिवेदन),

(घ) सरकारी/गैर सरकारी संस्थाहरुमा बिज्ञापन एजेन्सी भै कम्तीमा ५ वर्ष कार्य गरेको प्रमाणित गर्ने कागजात ।

७. **<u>बोलपत्रको संशोधन :</u>**

(१) बोलपत्रदाताले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा देहाय बमोजिमको प्रक्रिया अपनाई फिर्ता लिन वा संशोधन गर्न सक्नेछ :

(क) बोलपत्रदाताले बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा २४ घण्टा अगावै आधिकारिक प्रतिनिधिको सही छाप गरि सिलबन्दी खाममा लिखित निवेदन राखी देहाय बमोजिम पेश गर्नुपर्नेछ :

अ) उक्त सिलबन्दी खाम बाहिर “बोलपत्र फिर्ता ”वा “बोलपत्र संशोधन” स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने, र

आ) बोलपत्रदाताले उल्लेखित कार्य बोलपत्र पेश गर्ने अन्तिम मितिभन्दा २४ घण्टा अगावै खरीदकर्ता समक्ष पेश गर्नुपर्ने ।

(२) बोलपत्रदाताले उपरोक्त बमोजिम फिर्ता गर्न माग गरेको बोलपत्र नखोलिकनै सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ ।

८. सफल बोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गरि सम्झौता भएपछि मात्र सबै बोलपत्रदाताहरुको बोलपत्र जमानत ( बिड सेक्युरिटी) फिर्ता गरिनेछ ।

९. बोलपत्र पेश गर्दा बोलपत्र जमानत वापत यस संस्थानको नाममा बैंकमा राखिएको नगद धरौटी वा बैंक जमानत निम्न अवस्थामा जफत हुनेछ :-

(क) उक्त दफा ७ मा उल्लेखित अवधिपछि बोलपत्रदाताले बोलपत्र संशोधन वा फिर्ता माग गरेमा,

(ख) बोलपत्रमा देखिएको अंक गणितीय त्रुटी सच्याईएको कुरा बोलपत्रदाताले स्वीकार नगरेमा,

(ग) छनौट भएको बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्त बमोजिम खरीद सम्झौता नगरेमा,

(घ) बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कार्य सम्पादन जमानत बोलपत्रदाताले खरीद सम्झौता गर्ने म्याद भित्र दिन नसकेमा,

(ङ) बोलपत्र परिक्षणको सिलसिलामा बोलपत्रदातासँग माग गरेको कुनै जानकारी दिंदा बोलपत्रदाताले बोलपत्रको मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा,

(च) बोलपत्रदाताले आचरण विपरीत काम गरेमा ।

१०. बोलपत्र कागजातमा आधिकारिक व्यक्तिको हस्ताक्षर, कम्पनीको छाप र मिति उल्लेख भएको हूनूपर्नेछ ।

११. बोलपत्रदाताले सक्कल बोलपत्र फाराम भरी तोकिए बमोजिका कागजातहरु बोलपत्रसाथ संलग्न राखी शिलबन्दी गरि पेश गर्नुपर्नेछ ।

१२. बोलपत्रदाताले बोलपत्र तयार गर्दा र बुझाउंदा लागेको सम्पूर्ण खर्च स्वयंमले व्यहोर्नुपर्नेछ ।

१३. <u>बोलपत्रको मुल्यांकन र स्वीकृति :</u>

(क) बोलपत्रहरुको मूल्यांकन प्रारम्भिक मूल्यांकन (Preliminary Examination ) र आर्थिक मूल्यांकन ( Financial Evaluation ) गरिनेछ । प्रारम्भिक मूल्यांकनबाट प्रभावग्राही भएका बोलपत्रहरुको मात्र आर्थिक पक्षको मूल्यांकन गरिनेछ । बोलपत्रहरुको आर्थिक पक्षको मूल्यांकनको लागि निम्न पक्ष माथि बिचार गरिनेछ :

(१) <u>अंक गणितीय त्रूटी :</u>

(अ) यदि एकाई दर र कुल रकममा भिन्नता पाईएमा एकाई दर मान्य हूनेछ । सोही दर बमोजिम कुल रकम निर्धारण गरिनेछ ।

(आ) दर उल्लेख गर्दा अंक र अक्षर दूबैमा स्पष्ट हूनूपर्नेछ । केरमेट भएमा केरमेट गरिएको ठाउंमा सही र छाप लगाउनूपर्नेछ । साथै अंक र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

(२) यस बोलपत्रसाथ संलग्न छुट उल्लेख गर्ने फाराममा उल्लेखित पत्रपत्रिका तथा सञ्चार माध्यमहरुमध्ये बोलपत्रदाताले गोरखापत्र, कान्तिपुर, द राईजिङ्ग नेपाल, अन्नपूर्ण पोष्ट, नागरिक, राजधानी, नेपाल समाचारपत्र,नयाँ पत्रिका र द काठमाडौं पोष्ट दैनिक पत्रिकाहरुमा औसतमा सबैभन्दा बढी छुट दिने छुट प्रतिशत/रकमको आधारमा बोलपत्रको आर्थिक पक्षको मूल्यांकन गरिनेछ ।

१४. <u>सम्झौताको स्वीकृति :</u>

(क) माथि उल्लेखित दफा १३ को आधारमा मूल्यांकित सबैभन्दा बढी छुट दिन कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही बोलपत्रदातालाई छनौट गरि निजको बोलपत्र स्वीकृत गरिनेछ र सोको जानकारी सम्पुर्ण बोलपत्रदातालाई दिइनेछ ।

(ख) उक्त दफा १४(क) बमोजिम बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बोलपत्र स्वीकृत भएको १५ दिनभित्रमा कार्य सम्पादन जमानत वापत ५ प्रतिशत रकम दाखिला गर्न र सम्झौता गर्न स्वीकारको पत्र जारी गरिनेछ । सो बमोजिम कार्य सम्पादन जमानत दाखिला गरि सम्झौता गर्न नआएमा निजको बोलपत्र रद्द गरि बोलपत्रको जमानत रकम समेत जफत गरि सोभन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरि सम्झौता गरिनेछ । सो बोलपत्रदाता पनि कार्यसम्पादन जमानत दाखिला गरि सम्झौता गर्न नआएमा निजको समेत बोलपत्र रद्द तथा धरौटी रकम जफत गरि त्यसपछिको न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र क्रमशः स्वीकृत गरि निजसंग खरीद सम्झौता गरिनेछ ।

१५. बोलपत्र स्विकृत भै सम्झौता भएपछि बोलपत्रदाताले संस्थानको सूचनाहरु प्रकाशन तथा प्रसारण गराउँदा प्रकाशन र प्रसारण गर्ने संस्थाको नै बील पेश गर्नुपर्नेछ ।

१६. संस्थानको व्यवसाय प्रवर्धन सम्बन्धी बिज्ञापन बाहेकका अन्य सूचनाहरु प्रकाशन तथा प्रसारण गर्ने गराउने सम्बन्धी सम्झौताको म्याद १ (एक) वर्षको हुनेछ ।

१७. संस्थानको सूचनाहरु प्रकाशन र प्रसारण गराए वापतको रकम भुक्तानी गर्दा प्रचलित ऐन, कानून अनुसार लाग्ने कर TDS आदी कट्टा गरी बीलको रकम भुक्तानी गरिनेछ ।

१८. यस सम्बन्धमा कुनै बादविवाद उत्पन्न भएमा दुग्ध विकास संस्थानको निर्णय अन्तिम भई दुबै पक्षलाई मान्य हुनेछ ।

**दस्तखत :**

**बोलपत्रदाताको नाम :**

**मिति :**

**छाप :**

## संस्थानको सूचनाहरु प्रकाशन/प्रसारण गरे वापत

## उपलब्ध गराउने छुट उल्लेख गर्ने फाराम

बोलपत्र सूचना नं. डिडिसि/बिज्ञापन एजेन्सी/०७८/०७९ - ०१

| क्र.सं | पत्रपत्रिका तथा संचार माध्यम | उपलब्ध गराउने छुट (प्रतिशतमा) |
|---|---|---|
| १ | गोरखापत्र दैनिक | |
| २ | कान्तिपुर दैनिक | |
| ३ | द राईजिङ्ग नेपाल दैनिक (अंग्रेजी) | |
| ४ | अन्नपूर्ण पोष्ट दैनिक | |
| ५ | नागरिक दैनिक | |
| ६ | राजधानी दैनिक | |
| ७ | नेपाल समाचारपत्र दैनिक | |
| ८ | नयाँ पत्रिका दैनिक | |
| ९ | द काठमाडौं पोष्ट दैनिक (अंग्रेजी) | |
| १० | द रिपव्लिका (अंग्रेजी) | |
| ११ | हिमालय टाईम्स दैनिक | |
| १२ | द हिमालयन टाईम्स दैनिक (अंग्रेजी) | |
| १३ | कारोबार दैनिक | |
| १४ | आर्थिक अभियान दैनिक | |
| १५ | सम्पूर्ण टेलिभिजन च्यानलहरु | |
| १६ | रेडियो नेपाल तथा एफ.एमहरु | |
| १७ | सम्पूर्ण साप्ताहिक पत्रिकाहरु | |
| १८ | सम्पूर्ण सन्ध्याकालिन पत्रिकाहरु | |
| १९ | हिमाल, नेपाल, नारी (पाक्षिक) पत्रिकाहरु | |
| २० | अन्य राष्ट्रिय दैनिक,पाक्षिक,मासिक पत्रपत्रिकाहरु | |

दस्तखत :

बोलपत्रदाताको नाम :

मिति :

छाप :

# मस्यौदा सम्झौता पत्र

दुग्ध विकास संस्थान, केन्द्रीय कार्यालय, लैनचौर (जसलाई "प्रथम पक्ष" वा "संस्थान" मानिनेछ) र श्री ............................ ( जसलाई "दोश्रो पक्ष" वा "एजेन्सी" मानिनेछ ) का बीच निम्न शर्तहरुको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षका व्यवसायिक बिज्ञापन बाहेकका अन्य सूचनाहरु तोकेको समयमा तोकिएको पत्रपत्रिका तथा सञ्चार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण गर्न गराउन मन्जुर भई मिति ................गते लैनचौर स्थित संस्थानको केन्द्रीय कार्यालयमा बसी यो सम्झौतापत्रमा दस्तखत गरी एक प्रति बुझि लिए/दिएँ ।

१. प्रथम पक्षले प्रसारणका लागि दोश्रो पक्षलाई उपलव्ध गराएको सूचनाहरु प्रथम पक्षको निर्देशन बमोजिम तोकेको समयमा तोकिएका बिद्युतीय सञ्चार माध्यम तथा पत्रपत्रिकाहरुबाट प्रसारण तथा प्रकाशन गराउनु पर्नेछ ।

२. दोश्रो पक्षले प्रथम पक्षको व्यवसायिक बिज्ञापन बाहेकका अन्य सूचनाहरु प्रकाशन तथा प्रसारण गराउँदा सो प्रकाशन तथा प्रसारण गर्ने संस्थाको नै बील पेश गर्नुपर्नेछ ।

३. प्रथम पक्षको व्यवसायिक बिज्ञापन बाहेकका अन्य सूचनाहरु तोकेको बिद्युतीय सञ्चार माध्यमबाट प्रसारण गरे वापत दोश्रो पक्षले यसै साथ संलग्न फेहरिस्त बमोजिमको छुट प्रदान गर्नु पर्नेछ ।

४. प्रथम पक्षले प्रसारण गराउन दिएको व्यवसायिक बिज्ञापन बाहेकका अन्य सूचनाहरु कथम्कदाचित रद्द गर्नु परेमा समयमै रद्द गराउन दोश्रो पक्षलाई सूचित गराईने छ ।

५. प्रथम पक्षले प्रसारण गराउन दिएको व्यवसायिक बिज्ञापन बाहेकका अन्य सूचनाहरु दोश्रो पक्षबाट प्रकाशन/प्रसारणमा कुनै गल्ती वा भुल हुन गएमा निःशुल्क भूल सुधार गरि दिनुपर्नेछ ।

६. प्रथम पक्षको व्यवसायिक बिज्ञापन बाहेकका अन्य सूचनाहरु दोश्रो पक्षले प्रकाशन र प्रसारण गराए वापतको रकम भुक्तानी गर्दा प्रचलित ऐन, कानून अनुसार लाग्ने कर TDS आदी कट्टा गरी बीलको रकम भुक्तानी गरिनेछ ।

७. प्रथम पक्षको व्यवसायिक बिज्ञापन बाहेकका अन्य सूचनाहरु प्रकाशन तथा प्रसारण गर्ने गराउने सम्बन्धी यो सम्झौताको म्याद मिति २०७८.................... देखि २०७९.................... सम्म एक वर्ष अवधिको हुनेछ ।

८. दोश्रो पक्षले मिति ...................... मा पेश गरेको बिज्ञापन एजेन्सी सेवा खरीद सम्बन्धी बोलपत्र साथ संलग्न कागजातहरु समेत यो सम्झौतापत्रको एक अङ्ग मानिनेछ ।

९. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सन्तोषजनक सम्पन्न गरि सम्झौताको अवधि समाप्त भएपछि निजले मिति २०७८......................मा संस्थानमा पेश गरेको मिति २०७८................को श्री ............................बैंक लि.बाट जारी भएको ने.रु......................... को कार्य सम्पादन जमानत फुकुवा गरिनेछ ।

१०. यस सम्बन्धमा कुनै बादविवाद उत्पन्न भएमा दुग्ध विकास संस्थानको निर्णय अन्तिम भई दुबै पक्षलाई मान्य हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |
| छाप : | छाप : |

| साक्षी : | साक्षी : |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |